# नेपाल सरकार

अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

---

## जरूरी सूचना

आदरणीय सेवाग्राहीहरू,

राष्ट्रिय साइबर सुरक्षा केन्द्रबाट मिति २०८३/०७/०५ मा PHP तथा सोसँग सम्बन्धित प्रविधिमा गम्भीर कमजोरी देखिएकाले प्रविधिको दुरुपयोग हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै "**अत्यन्त जरुरी साइबर सुरक्षा एडभाइजरी**" जारी भएको र सोही प्रविधिमा आधारित यस विभागअन्तर्गत सञ्चालनमा रहेको Vehicle Consignment Tracking System (VCTS) प्रणाली अस्थायी रूपमा बन्द रहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ।

आवश्यक सुरक्षा अद्यावधिक भई प्रणाली सुरक्षित भएपछि सेवा पुनः सञ्चालनमा ल्याइनेछ। हाललाई नियमानुसार जारी भएका बिलबिजक लगायतका सम्बन्धित कागजातहरू साथमा राखी सवारीसाधन सञ्चालन गर्न सकिने साथै प्रणाली पुनः सञ्चालनमा आएपछि सम्बन्धित सेवाग्राही/करदाता/निकायले यथाशीघ्र सम्बन्धित ढुवानीको VCTS नियमानुसार जारी गर्नुपर्नेछ।

यसबाट सेवाग्राही तथा सम्पूर्ण सरोकारवालामा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं। साथै, प्रणालीको सुरक्षाको लागि चालिएको यस कदममा सम्पूर्ण सरोकारवालाको सहयोग र समन्वयको अपेक्षा गरिन्छ।

**धन्यवाद**